# पैयूँ गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड : ४ संख्याः २ मितिः २०७८/०७/१७

### भाग-२

# पैयूँ गाउँपालिका

# अन्तर वडास्तरीय गाउँपालिका अध्यक्ष कप भलिवल खेल प्रतियोगिता सञ्चालन कार्यविधि “२०७८”

## प्रस्तावना

नेपालको संविधान, विद्यमान खेलकुद नीति, खेलकुद विकास ऐन तथा नियमावलीहरुको मर्मलाई आत्मसात गर्दै खेलकुदको विकास तथा विस्तारका लागि राज्य संरचनाको सबभन्दा सानो इकाई वडा तहलाई केन्द्रविन्दु बनाई खेलकुद प्रतिभाको पहिचान,संरक्षण तथा संवर्द्धन गर्दै राष्ट्रनिर्माण एवम् विकासमा खेलाडीको भुमिका सवल सक्षम एवंम प्रभावकारी गराउन पालिकास्तरीय खेलकुद प्रतियोगिताहरु सञ्चालन गरी उत्कृस्ठ अनुशासित र सक्षम खेलाडीहरु तयार पार्दे भविश्यमा राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतियोगिताहरुमा सहभागि भई राष्ट्रको छवि उच्चराख्ने खेलाडी तयार गर्ने मुल उद्देश्यका साथ सञ्चालन हुने भलिवल प्रतियोगितालाई व्यवस्थित मर्यादित तथा अनुशासित गराउने उद्देश्यले पैयूँ गाउँपालिकाले अन्तरवडास्तरीय गाउँपालिका अध्यक्ष कप भलिवल खेल प्रतियोगिता सञ्चालन कार्यविधि “२०७८”जारी गरेको छ।

### परिच्छेद १

### प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भः** क) यो कार्यविधिको नाम अन्तर वडास्तरीय गाउँपालिका अध्यक्ष कप भलिवल खेल प्रतियोगिता सञ्चालन कार्यविधि “२०७८” रहेको छ।

ख) यो निर्देशिका स्वीकृत भएको मिति देखी लागु हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

क) 'समिति' भन्नाले अन्तर वडास्तरीय गा.पा अध्यक्षकप प्रतियोगिता सञ्चालन तथा व्यबस्थापन समितिलाई बुझ्नुपर्दछ।

ख) 'वडा' भन्नाले पैयूँ गाउपालिका अन्तर्गतका वडाहरु सम्झनुपर्दछ।

ग) 'समूह' भन्नाले एउटै टिमबाट खेल्न भनी नाम दर्ता गराएका खेलाडीहरुको समूह बुझ्नु पर्दछ।

घ) 'आयोजक' भन्नाले पैयूँ गाउँपालिका बुझ्नुपर्दछ।

## परिच्छेद २

**३. प्रतियोगिता आयोजना तथा व्यवस्थापनः** क) अन्तर वडास्तरीय गाउँपालिका अध्यक्षकप भलिवल प्रतियोगिता सञ्चालन, समन्वय तथा व्यवस्थापन गर्न गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा तपसिल बमोजिम प्रतियोगिता आयोजना, सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ।

| | |
|---|---|
| १) प्रमुख प्रशासकीय अधिकृत | - संयोजक |
| २) प्रतियोगिता सञ्चालन हुने स्थानको सम्वन्धित वडाध्यक्ष | - सदस्य |
| ३) सम्वन्धित स्थानीय तहमा रहेको प्रहरी कार्यालयको प्रमुख | -सदस्य |
| ४) गाउँपालिकाको प्रशासन शाखाको अधिकृत कर्मचारी | -सदस्य |
| ५) संयोजकले तोकेको गाउँपालिकाको लेखा शाखाको कर्मचारी | -सदस्य |
| ६) गाउँपालिकाको शिक्षा यूवा तथा खेलकुद शाखा प्रमुख | -स. सचिव |

संयोजकले आवाश्यकताअनुसार आमन्त्रित सदस्यको रुपमा बोलाउन सक्नेछ।

ख) अन्तर वडास्तरीय गाउँपालिका अध्यक्षकप भलिवल प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार ।

१) अन्तर वडास्तरीय गाउँपालिका अध्यक्षकप भलिवल प्रतियोगिता सञ्चालन, व्यवस्थापन तथा अनुगमन गर्ने।

२)अन्तर वडास्तरीय गाउँपालिका अध्यक्षकप भलिवल प्रतियोगिताको लागि आवाश्यक पर्ने पूर्वाधारको विकास तथा व्यवस्थापन गर्ने ।

३) अन्तर वडास्तरीय गाउँपालिका अध्यक्षकप भलिवल प्रतियोगिता समय, स्थान र मिति तोकी उपयूक्त स्थान छनौट गर्ने।

४) अन्तर वडास्तरीय गाउँपालिका अध्यक्षकप भलिवल प्रतियोगिता मा गाउँपालिका भित्रका सम्पूर्ण वडाहरुलाई सहभागिताकालागि प्रोत्साहित गर्ने ।

५) प्रतियोगितालाई मर्यादित र व्यवस्थित गराउनका लागि सरोकारवाला निकायसंग आवश्यक समन्वय गर्ने ।

६) अन्तर वडास्तरीय गाउँपालिका अध्यक्षकप भलिवल प्रतियोगिताको लागि बिनियोजित रकमलाई अधिकतम रुपमा सदुपयोग गर्ने गरी प्रतियोगिता सञ्चालनको ब्यवस्था गर्ने ।

७) प्रतियोगिता सञ्चालनका लागि आवश्यक पर्ने प्राविधिक, आर्थिक, प्रचारप्रसार जस्ता उपसमितिहरु गठन गर्ने ।

**४. प्रतियोगिता सञ्चालन प्रक्रियाः** १) अन्तर वडा स्तरीय गाउँपालिका अध्यक्ष कप प्रतियोगितामा सहभागी हुन सम्बन्धित वडा ले अनुसूचि १ बमोजिमको फारम प्रत्येक खेलाडीबाट भराई आयोजकलाई उपलब्ध गराउनुपर्ने छ ।

२) अन्तर वडास्तरीय गाउँपालिका अध्यक्षकप भलिवल प्रतियोगिता आयोजकले प्रतियोगिता सञ्चालन हुने स्थान, मिति र खेलहरुको विवरण कम्तिमा ७ दिन अगावै वडामा उपलब्ध गराउनु पर्नेछ ।

३) आयोजकले प्रतियोगिता सम्पन्न भएको मितिले ७ दिन भित्र खेलको नतिजा सहितको प्रगति प्रतिवेदन गाउकार्यपालिकामा पेश गर्नु पर्नेछ ।

४) प्रत्येक वडाबाट बढिमा ९/९ जना सम्म खेलाडी पठाउन सकिनेछ ।

५) आयोजकले कम्तिमा ५० प्रतिशत सहभागी समुहको उपस्थितिमा खेलतालिका (Tie sheet) तयार गर्नुपर्नेछ ।

६) प्रथम द्वितीय र तृतिय हुने समुहलाई ट्रफि नगद र प्रमाणपत्र प्रदान गर्नुपर्नेछ । साथै सहभागि खेलाडीहरुलाई सहभागिताको प्रमाणपत्र प्रदान गर्नेछ ।

७) समितिले प्रतियोगिता सञ्चालनको लागी आवश्यकताअनुसार रेफ्री तथा सहायक रेफ्री खटाउनेछ । र निजहरुलाई प्रचलित नियम अनुसार पारिश्रमिक ब्यवस्था गर्नुपर्नेछ ।

८) प्रत्येक वडाबाट २ समुहलाई सहभागि गराईनेछ, सहभागीहरु सम्बन्धित वडाको स्थायी वासिन्दा हुनुपर्नेछ ।

९) यस प्रतियोगिताको प्रथम हुने समुहलाई रु ५००००।— द्वितीय हुने समुहलाई ३५०००- तृतिय हुने समुहलाई रु २००००।- ,र सान्त्वना पूरस्कार रु १००००।— र उत्कृष्ट अनुशासित खेलाडी १ जनालाई रु ५०००।-नगद वा सो बराबरको जिन्सी सहित प्रमाणपत्र को ब्यवस्था आयोजकले गर्नेछ ।

१०) काबु बाहिरको परिस्थिति पर्न गई प्रतियोगिता स्थगित गर्नुपरेमा सोको कारणसहितको निर्णय र उक्त प्रतियोगिता परिस्थिति अनुकुल हुनसाथ पुनः सञ्चालन हुने ब्यहोरा समेतको जानकारी वडाकार्यालयलाई दिनुपर्नेछ ।

११) वडाको सिफारिसमा  सहभागि टिमलाई ९/९ सेट जर्सि गाउँपालिकाले उपलब्ध गराउनेछ।

१२) प्रतियोगिता सञ्चालन, ब्यवस्थापन तथा अनुगमन समितिको बैठक बढिमा ५ पटक बस्नेछ। समितिको बैठक भत्ता प्रचलित नियमानुसार हुनेछ ।

## परिच्छेद ३

## विविधः

**५. प्रतियोगिता सम्पन्न हुने अवधिः** अन्तर वडास्तरीय गाउँपालिका अध्यक्षकप भलिवल प्रतियोगिता गाउँपालिकाले आ.व. २०७८/७९ भित्र सम्पन्न गर्नुपर्नेछ ।

**६. लोगोः** अन्तर वडास्तरीय गाउँपालिका अध्यक्षकप भलिवल प्रतियोगिताको लोगो समितिको सिफारीसमा गाउँकार्यपालिकाको कार्यालयले तोकेबमोजिम हुनेछ ।

**७. बाधा अड्काउ फुकाउनेः** यस निर्देशिकाको कार्यान्वयन सम्बन्धमा कुनै समस्या आईपरेमा समितिको सिफारिसमा गाउँकार्यपालिकाको कार्यालयले निर्णय गरे बमोजिम हुनेछ ।

अनुसूचि — १

**सहभागि हुन भर्नुपर्ने फारामको ढाँचा**

(परिच्छेद २ को दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

<u>प्रतियोगितामा सहभागी हुन भर्नुपर्ने फारामको नमुना</u>

१. सहभागी खेलाडीको नामः

२. सहभागी खेलाडीको स्थायी ठेगानाः

३. जन्ममितिः

४. सहभागीहुने खेलाडीको हस्ताक्षरः

उल्लेखित ब्यहोरा ठिक साँचोहो भनी प्रमाणीत गर्ने वडा अध्यक्ष

नामः

हस्ताक्षरः

वडा नः

आज्ञाले,

केशव लामिछाने

प्रमुख प्रशासकीय अधिकृत